राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव




वर्ष-१६ ।। अङ्क : ९२ ॥ २०८१ वैशाख ३० गते आईतबार (12th May 2024 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# सरकारको नीति तथा कार्यक्रम के हुन्छ ?

झापा(प्रस) । सरकारले आगामी जेठ १ गते सरकारको नीति तथा कार्यक्रम सदनमा प्रस्तुत गर्दैछ । राष्ट्रपति रामचन्द्र पौडेलले जेठ १ गते दिउँसो ३ बजे बस्ने प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सूचना संसद सचिवालयले सार्वजनिक गरिसकेको छ ।

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठन नभएसम्म सदन चल्न नदिने कांग्रेसको अडान कायमै छ । तर, सरकार समिति बनाउने पक्षमा छैन । व्यक्ति केन्द्रित नभई सबै सहकारीको समस्या समाधान गर्नेगरी समिति बनाउन सरकार तयार छ ।

कांग्रेसले गृहमन्त्री लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न भएको प्रमाण रहेको भन्दै निरन्तर संसद बैठकमा अवरोध गर्दै आएको छ । बजेट अधिवेशनको पहिलो दिनमै कांग्रेसले आफ्नो कुरा राखेपछि सदन अगाडि बढाउन दिएन र सभामुखले बैठक स्थगित गरे ।

कांग्रेसले निरन्तर सदन अवरोध गरिरहेको कांग्रेसले राष्ट्रपतिलाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिन नदिने सरकारको भूमिकामा निर्भर हुने बताएको छ ।

राष्ट्रपतिलाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिने कि नदिने भन्ने जिज्ञासामा कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले भने, ' हामी संसदमा आफ्नो कुरा राख्दै बेलमा आइसकेका छौं । हामीले दिने नदिने भन्दा पनि सरकारले नचाहेको भन्ने बुझ्नुपर्छ । हामी त नीति तथा कार्यक्रम आओस्, बजेट आओस्, संसद चलोस् भन्ने चाहन्छौं, तर सरकारले चाहेको छैन ।'



उनले सदनको अवरोध हटाउने विषयमा पार्टी सभापतिसहित शीर्ष नेताहरुले प्रधानमन्त्रीसँग छलफल गरिरहेको बताए । त्यसो त शनिवार पार्टी सभापति शेरबहादुर देउवा निवासमा बसेको पदाधिकारी बैठकले पनि सरकारले आफूहरुलाई हेप्न खोजेको निष्कर्ष निकालेको छ ।

बैठकपछि महामन्त्री गगन थापाले भने, 'संसदीय समिति नबन्दासम्म नीति तथा कार्यक्रममात्रै होइन, सरकारका कुनै पनि काम कारबाही अगाडि बढ्न सक्दैनन् । हामी छानबिन समिति नबनेसम्म ब्याक हुँदैनौं भन्ने शनिवारको बैठकको निष्कर्ष छ ।' सरकार संसदीय समिति नबनाइ जबरजस्ती अघि बढ्न खोजेको भन्दै महामन्त्री थापाले थप रणनीति बनाउन सोमबार दिउँसो १ बजे बस्नेगरी संसदीय दलको बैठक बोलाइएको बताए ।

उनले भने, 'संसदको गतिरोध पनि अन्त्य होस्, हाम्रो माग पनि पूरा होस् भनेर लचकता राख्दा पनि सरकारले जुन खालको रवैया प्रस्तुत गऱ्यो, सभामुख पनि संसदको अवरोध अन्त्य गर्न संवेदनशील हुनुपर्ने हो । प्रतिपक्ष दलले सदासयता राख्दा पनि त्यसको नजरअन्दाज गर्ने काम भयो । सरकार संसद पनि चल्न नदिने, छानबिन समिति पनि बन्न नदिनेतर्फ उद्यत भएको निष्कर्ष रह्यो ।'

तर, एमालेका सचिव योगेश भट्टराईले कांग्रेसले सदन अवरोध गरिरहे नीति तथा कार्यक्रम र बजेट ल्याउने सरकारसँग अर्को विकल्प भएको बताए ।

प्रतिनिधिसभाको बैठकपछि उनले भनेका थिए, 'फागुन २१ गते राजनीतिक समीकरण बदलिएपछि कांग्रेसलाई झड्का लागेको छ । त्यही झड्का लागेको कांग्रेसले कहिलेकाहीँ नचाहिँदो एक्सन गरिरहेको छ, यसले कांग्रेसलाई फाइदा गर्दैन । इतिहासले क्षम्य गर्छ भन्ने लाग्दैन । त्यसलाई पुनर्विचार गरोस् कांग्रेसले । सरकारसँग अनेक विकल्प छन्, हामी त्यो बाटो जान चाहँदैनौं। संसदबाटै निरुपण होस् भन्ने चाहन्छौं ।'

यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसदको गतिरोध हट्नेमा आफू विश्वस्त रहेको बताएका छन्। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँगको छलफलपछि प्रधानमन्त्री प्रचण्डले सोमवारसम्म सहमति जुट्ने विश्वास व्यक्त गरेका हुन्।

उनले जसरी भएपनि संसदको गतिरोध अन्त्य गरी नीति तथा कार्यक्रम अगाडि बढ्ने दावी गरे। 'संसदको गतिरोध अन्त्यका लागि गम्भीरतापूर्वक प्रतिपक्ष कांग्रेससँग कुरा भएको छ। अन्तिम निष्कर्षमा नपुगे पनि मलाई के विश्वास भएको छ भने सोमवार बेलुकासम्म हामी एउटा निष्कर्ष निकालेर नीति तथा कार्यक्रम सहज ढंगले अगाडि बढ्ने वातावरण बन्छ,'प्रधानमन्त्रीले भने। संसदमा उत्पन्न गतिरोध अन्त्यका लागि छलफल गर्न प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई बालुवाटार बोलाएका थिए। छलफलमा पार्टी सभापति शेरबहादुर देउवा,महामन्त्री गगनकुमार थापा,प्रमुख सचेतक रमेश लेखकलगायत शीर्ष नेताहरू सहभागी थिए। छलफल सकारात्मक रहेको प्रमुख सचेतक लेखकले बताएका छन्। सहकारी ठगी प्रकरणमा मुछिएका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धान गर्न संसदीय छानबिन समितिको माग गर्दै कांग्रेसले लामो समयदेखि संसद अवरोध गर्दै आएको छ। छानबिन समिति नबनेसम्म संसदमा अवरोध कायमै राख्ने उसको रणनीति छ। कांग्रेसले आफ्नो अडान नछाडेपछि संसदको गतिरोध हटाउन प्रधानमन्त्री 'प्रचण्ड' आफै सक्रिय भएका हुन्।

## हात्तीपाइलेको औषधी नखानेलाई सेवाबाट वञ्चित गरिने



झापा(प्रस) । झापाको कमल गाउँपालिकाले हात्तीपाइले रोगविरुद्धको औषधी सेवन नगर्नेलाई पालिकाले दिने सेवा सुविधा रोक्का गर्ने निर्णय गरेको छ । हात्तीपाइले रोगविरुद्धको औषधी खाएको प्रमाण देखाएपछि मात्र सेवा प्रदान गर्ने निर्णय गरेको हो । झापा हात्तीपाइले रोगको उच्च जोखिममा रहेको जिल्ला हो ।

गाउँपालिका अध्यक्ष हुकुमसिंह राईका अनुसार हात्तीपाइले रोगविरुद्धको आम औषधी सेवन कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि यस्तो निर्णय गरिएको हो । औषधी सेवन गर्न नमान्ने र औषधी लिएर घर-घर गएका स्वास्थ्यकर्मीहरूलाई हप्कादप्काइ गर्ने प्रवृत्ति बढेपछि गाउँपालिकाले अनिवार्य औषधी सेवन गर्न बाध्य बनाएको हो ।

हात्तीपाइले (फाईलेरिया) रोगले मानिसलाई नराम्रो गरी शारीरिक रूपमा असक्त बनाउने गर्दछ । यो रोग एक प्रकारको मसिनो धागो आकारको जुकाजस्तै परजीवीबाट संक्रमण भए पछि लाग्छ । क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेले स्वास्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गरेपछि यो रोग लाग्ने भएकाले सबैले सचेतना अपनाउनु पर्ने गाउँपालिकाले जनाएको छ ।

कमल गाउँपालिकामा यही वैशाख १६ देखि ३० गतेसम्म गाउँपालिकाको सम्पूर्ण घरधुरीहरूमा हात्तीपाइले रोगविरुद्धको औषधी सेवन गराउन तालिमप्राप्त स्वास्थ्यकर्मीहरू घरदैलो अभियानमा पठाइएको प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले बताए ।

यस वर्ष हात्तीपाइलेविरुद्धको औषधी अन्तिम पटक सेवन गर्नुपर्ने भएकाले हात्तीपाइले रोगको पूर्णरुपमा निवारणका लागि स्वास्थ्यकर्मीहरूबाट अनिवार्य रूपमा औषधी सेवन गरी कार्ड लिन सबैलाई सचेत गराइएको शाक्यको भनाइ छ । 'कार्ड नभए सेवा नदिन सबै मातहतका कार्यालयहरूलाई परिपत्र गरिएको छ 'शाक्यले भने ।

'गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाभित्रका कार्यालयबाट सेवा प्रदान गर्दा यसै सातादेखि अनिवार्य हात्तीपाइलेविरुद्धको आम औषधी सेवन गरेको प्रमाणित कार्ड अनिवार्य गरिएको छ' उनले जानकारी दिए ।

## रक्तचन्दन फिर्ता गर्ने सरकारको निर्णय



झापा(प्रस) । सरकारले एक लाख ७३ हजार किलोभन्दा बढी रक्तचन्दन सम्बन्धित देशलाई फिर्ता गर्ने भएको छ। विभिन्न समयमा तस्करीलगायत कारणले नेपालमा ल्याइएको उक्त रक्तचन्दन उत्पत्ति मुलुकमा फिर्ता गर्ने भएको हो।

बिहीवारको मन्त्रिपरिषद् बैठकले संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३० बमोजिम विभिन्न स्थानमा घाटगद्दीमा रहेको जम्मा १, लाख ७३ हजार ७१ किलो रक्तचन्दन काठ उत्पत्ति मुलुकमा फिर्ता लैजान स्वीकृति प्रदान गर्ने निर्णय गरेको हो। यस्तै मन्त्रिपरिषद् बैठकले विश्व वन्यजन्तु कोषबाट प्राप्त हुने १ अर्ब २० करोड अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विवरण सार्वजनिक गरेको छ।

## मकालुबाट फर्किने क्रममा एक पर्वतारोहीको मृत्यु



झापा(प्रस) । संखुवासभामा रहेको विश्वको पाँचौं अग्लो मकालु हिमाल आरोहण गरी फर्किने क्रममा एक पर्वतारोहीको मृत्यु भएको छ । आरोहण गरी फर्किने क्रममा पर्वतारोही सोलुखुम्बु जिल्ला महाकुलुङ गाउँपालिका-४ का ५४ वर्षीय ल्हाक्पा तेञ्जी शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अशोक जवेगूले जानकारी दिए ।

मकालु हिमाल आरोहण गरी फर्कने क्रममा मकालु गाउँपालिका-२ र ३ को सिमानामा बेपत्ता भएका शेर्पाको शव शुक्रबार दिउँसो मकालु आधार शिविरमा फेला परेको प्रहरी निरीक्षक जवेगूले बताए । घटनास्थलबाट शेर्पाको शव मुचुल्कापश्चात् सोलुखुम्बु लगिएको उनको भनाइ छ । यातायात र सञ्चार सेवा नभएका कारण मकालुक्षेत्र भौगोलिकरुपमा विकट मानिन्छ । घटनास्थल सदरमुकाम खाँदबारीदेखि पाँच दिनको पैदल दूरीमा पर्दछ । पर्वतारोही शेर्पाको शव मुचुल्का पछि शनिवार नै सोलुखुम्बु लगिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## ट्राफिक प्रहरीको पाँच मिनेट अभियान



झापा(प्रस) ।सवारी दुर्घटना न्यूनीकरणका लागि झापामा प्रहरीले 'दुईपांग्रे सवारी चालकसँग ट्राफिक प्रहरीको पाँच मिनेट' अभियान सञ्चालन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख नवराज न्यौपानेले दुर्घटनामा ज्यान गुमाउनेमा सबैभन्दा बढी मोटरसाइकलका यात्रु हुने गरेकाले दुईपांग्रेका चालकलाई लक्षित गरी अभियान सुरु गरिएको बताए ।

यही वैशाख १२ गते शिवसताक्षीको झिलझिलेबाट कनकाई नदीमा नुहाउन एकाबिहानै गएका तीन युवाको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको थियो । युवाहरु सवार मोटरसाइकल विपरीत दिशाबाट आइरहेको बोलेरो जिपसँग ठोक्किएको थियो ।

उक्त दुर्घटनामा परी कमल-४ का २५ वर्षीय मौसम राई, २० वर्षीय युनिस भण्डारी र १७ वर्षीय सरोज रेग्मीको मृत्यु भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिनामा झापामा सवारी दुर्घटनामा ५३ जनाको मृत्यु भएको थियो । त्यसमध्ये मोटरसाइकल दुर्घटना भएका कारण मृत्यु हुने ३९ जना रहेको न्यौपानेले जानकारी दिए । उक्त अवधिमा चार सय ६३ सवारी दुर्घटना भएकामा मोटरसाइकलको संख्या दुई सय ८८ रहेको थियो ।

"मोटरसाइकल दुर्घटनाको अवस्था भयावह बन्दै गएको छ", उनले भने, "सवारी चालकलाई सजग गराउँदा दुर्घटना न्यूनीकरण हुन्छ भन्ने सोचेर ट्राफिक प्रहरीसँग पाँच मिनट अभियान चलाएका हौं ।" अभियानलाई पूर्वपश्चिम राजमार्गमा केन्द्रित गरिएको छ । अभियानअन्तर्गत ट्राफिक प्रहरीको टोलीले गुडिरहेका मोटरसाइकललाई किनारामा रोकेर चालकलाई पाँच मिनेट सवारी नियम र सुरक्षासम्बन्धी प्रशिक्षण दिने गरेको छ ।

साँघुरो सडक, अत्यधिक सवारी चाप र तीव्र गति नै मोटरसाइकल दुर्घटनाको मुख्य कारण देखिएको छ । कान छोपिने हेल्मेट लगाउन, मदिरा सेवन गरेर सवारी नचलाउन र तीव्र रफ्तारमा नकुदाउन जिल्लाका ट्राफिक प्रहरी प्रमुख न्यौपानेले आग्रह गरेका छन् ।

अभियानमा खटिएका प्रहरीले मोटरसाइकलका चालकलाई दुर्घटना हुनै नदिने उपायका लागि आवश्यक सतर्कताका बारेमा संक्षिप्त प्रशिक्षण दिने गरेका छन् । मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाउनेमा २५ वर्षमुनिका युवाको संख्या उल्लेख्य रहेको प्रहरीको भनाइ छ । लागूपदार्थ र मदिरा सेवन गरेर मोटरसाइकल हाँक्ने व्यक्ति दुर्घटनाको उच्च जोखिममा पर्छन् ।

## चाँदीसहित एक भारतीय महिला पक्राउ



झापा(प्रस) । भद्रपुरस्थित चन्द्रगढी विमानस्थलबाट २ किलो ५ ग्राम चाँदीसहित एक भारतीय महिला पक्राउ परेकी छन् । भारत उत्तराखण्ड देराजुङकी ३० वर्षीया तेन्जिङ छिरिङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए ।

प्रहरीका अनुसार शुक्रबार साँझ ६ बजेको समयमा बुद्ध एयरको विमानबाट काठमाडौं जान लागेकी छिरिङको झोला प्रहरीले चेकजाँच गर्दा २ किलो ५ ग्राम चाँदीको दुई थान डल्लो र २८ हजार ५ सय भारतीय रुपैयाँ बरामद गरेको हो ।

अवैध चाँदीसहित पक्राउ परेकी महिलालाई प्रहरी कार्यालय झापामा राखेर थप अनुसन्धान गरिरहेको डीएसपी चन्दले बताए ।



# के हाम्रो लोकतन्त्र अपहरणमा पर्न लाग्या हो ?



• **कृष्ण हुमागाँई**

२१ औं शातब्दीको आजको युगमा जनताले जनताका लागि जनताद्धारा गरिने शासन नैं सबैभन्दा जनहितकारी लोकतन्त्र हो । जनताको इज्जत र सम्मान हुने, आवधिक निर्वाचनमार्फत जनताबाट निर्वाचित प्रतिनिधिले देश र जनताको हितका खातिर गरिने शासन प्रणालीभन्दा उत्कृष्ट शासन प्रणाली कुनै राजा महाराजा, सामन्त अभिजात्यवर्गको हुकुमी शासन वा कुनै पनि प्रकारको तानाशाही र अधिनायकवादलाई राम्रो शासन भन्ने र मान्नेहरु सभ्यता र परिवर्तनका बिरोधी हुन् । लोकतन्त्रभन्दा उत्तम र उचित शासन प्रणाली दुनियाँमा विकसित भएको छैन । लोकतन्त्रको सर्वोच्चता भनेकै जनताको सर्वोच्चता हो । जनताभन्दा ठूलो र शक्तिशाली लोकतन्त्रमा कोही हुँदैन । लोकतन्त्रमा जनताले चुनेका प्रतिनिधि भनेका जनताका सेवक हुन्, ती शासक होइनन् । अरु कुनै पनि ब्यवस्थामा कोही पनि शासक जनताको सेवक हुँदैनन् । उनीहरुले जनतालाई दमस नै ठान्दछन् ।

लोकतन्त्रमा पनि ठिमाहा र कालीपोके लाग्न थालेको छ । लोकतन्त्र धनीहरुसँग कमाइ र सम्पत्तिका आधारमा प्रगतिशील कर लगाएर त्यो पैसाले गरिबको कल्याण गरि सबैलाई सम्पन्न र धनी, सुखी र खुसी बनाउने ब्यवस्था हो । तर, हामीकहाँ लोकतन्त्र अपहरणमा परेको छ । लोकतन्त्रमा शक्तिको स्रोत जनता हुन्छन् र बिधिको शासनबाट चल्ने प्रणाली हो यो । शासनसत्ताको स्रोत बन्दुकको नालबाट प्राप्त हुन्छ भन्ने राजनैतिक दर्शनबाट निर्देशित र प्रशिक्षित भएकाहरु लोकतन्त्रमा शासक भएका छन् र लोकतन्त्र मन पराउने नेपाली जनताले कुनै एउटा वर्गको अधिनायकत्व शासन चलाउने सिद्धान्त बोकेकालाई पटक-पटक चुनाव जिताएका पनि छन् ।

बन्दुकको नलबाट मात्र शासन सत्ता प्राप्त गर्न सकिन्छ, अरु सबै भ्रम हो भनेर हतियार उठाउनेहरुलाई लोकतान्त्रिक नेपालमा जनताले चुनावबाटै निर्वाचित गराइदिएका छन् । एकदलीय अधिनायकवाद (साम्यवादी शासन) लागू गर्न चाहने र एक अभिजात्य सामन्ती शासकको बंश परम्परा अनुसार जन्मकै आधारमा श्रेष्ठ हुने र अरु साराले त्यो शासकको सन्तान जति नै अयोग्य र खराब भएपनि योग्य र असल मानिदिनु पर्ने, भनिदिनुपर्ने सोच र दास मानसिकता बोकेकाहरुलाई पनि लोकतान्त्रिक नेपालका लोकतन्त्रवादी नेपालीले चुनाव जिताइदिएका छन् । त्यसैले नेपाली जनता महान छन् । जसले यो ब्यवस्था आउनै हुँदैन भन्यो त्यसलाई पनि जिताइदिए र जसको यो लोकतान्त्रिक ब्यवस्था कहिल्यै थिएन र वर्तमानमा होइन पनि (सम्झौता कारण एकदलीय अधिनायकवादमा नपुगुन्जेल उपयोग मात्र गरेका हुन्) लाईसमेत चुनाव जिताइदिएका छन् । त्यसैले जनताले असली लोकतन्त्रवादीलाई ठम्याउन नसक्दा लोकतन्त्र अपहरणमा पर्न लागेको छ ।

**पैसाले किन्ने लोकतन्त्रले गरिबको हित गर्न सक्दैन**

लोकतन्त्र अपहरणमा पर्न लागेको सवालमा माथि चर्चा गरियो । गैरलोकतन्त्रवादीले लोकतन्त्र अपहरण गर्न लागेको सन्दर्भ एउटा छ भने लोकतन्त्रकै आवरणमा मुट्ठीभर धनी पूँजीपति वर्गले पैसाको बलमा यहाँको शासन सत्ता, कर्मचारी प्रशासन र लोकतन्त्र खरिद गरिरहेको छ । संसदीय निर्वाचनमा पैसाको बलमा पार्टीको टिकट हत्याउने प्रवृत्ति बढेर गएको छ । धनी पूँजीपतिलाई सम्पत्तिको सान र संसदीय मर्यादाको मान एकैपटक चाहिएको छ । लोकतन्त्रको आवरणमा देखा परेका लोकतन्त्रका यी धमिराहरु राज्यसत्ता, कर्मचारी प्रशासन र राजनैतिक नेतृत्वलाई आफ्नो ब्यापार र ठेक्कापट्टाको जालोमा लपेट्न लागेका छन् । लोकतन्त्रका लागि निमेसभर पनि योगदान नगरेका, कुनै सास्ती नभोगेकाहरु अहिले लोकतन्त्रका मसिहा बनेर उदाएका छन् । यहाँ सामन्तका सन्तानमात्र होइन, नबभुइँफुट्टा सामन्तवर्गले समेत राजनीतिमाथि कब्जा जमाउँदै आएको स्थिति छ । पैसाको बलमा पार्टी किन्ने, कर्मचारी प्रशासन र संसदीय फाँटमा घुस, कमिशन र दलालीबाट गरिबको ब्यवस्था खोस्ने कुकर्ममा ब्यापारीहरु लागेका छन् । राजनीति सेवा हो, सेवा र ब्यापार एकैपटक हुँदैन । नाफा कमाउने पेशामा तल्लीन भएको मान्छेले हरेक कुरामा नाफा मात्र देख्छ । उसले नीति निर्माण तहमा पनि के कसो गर्दा आफ्नो ब्यापारलाई फाइदा गराउन सकिन्छ भनेर नीति प्रस्तुत गर्न खोज्दछ ।

स्वतन्त्रता र खुसियालीसहितको सुखी नेपाली बनाउने हो भने राजनीतिमा दुःख गरेका, बर्सौदेखि खटेका, अनुभव र निष्ठाले खारिएका मानिसहरु नै स्थापित हुनुपर्दछ । गफाडी टपरटुइयाँले त गफ र टुक्काको भरमा चटकेले जस्तो मानिस भेला जम्मा गरेर आफ्नो सामान बेचेर स्वार्थको कुम्लो कस्छ । नेपालको राजनीतिमा अहिले यही भइरहेको छ । ठगहरु, दलालहरु, घुसखोर, कमिशनखोर, भ्रष्टाचारी गुण्डाहरुले राजनीतिमा कब्जा जमाउन थालेका छन् ।धेरै धनसम्पति कमाउने इच्छा र उद्देश्य राख्नेले राजनीतिमा नआउनु उचित हुन्छ । तिनीहरुले उद्योग, ब्यापार गर्नु, राज्यलाई कर तिर्नु देशको सेवा गर्नु, गरिब दुःखीलाई सहयोग गर्नु । धनीहरुले राजनीतिमा आउने नै हो भने आफ्नो कुल सम्पत्तिको ७० प्रतिशत राज्यलाई हस्तान्तरण गरेर मात्र राजनीतिमा आउन पाउने नियम नै बनाइनु पर्दछ । यसले एकातिर देश र जनताकाप्रति उसमा उदारभाव देखिन्छ भने अर्कोतिर कमजोर आर्थिक अवस्था भएकाहरुले पनि संसदीय राजनीतिमा प्रतिष्पर्धा गर्न केही सजिलो हुन्छ । नत्र जिन्दगीभरी राजनीतिको झोला बोक्यो, एउटा धनीमानी मान्छे आउँछ र उसको लगानीमा राज गर्न थाल्छ । गरिबले राजनीतिमा कहिल्यै आफ्नो स्थान बनाउन सक्दैन ।

अनि राजनीतिले धनी, पूँजीपतिलाई भन्दा गरिबहरुको संरक्षण गर्नुपर्दछ । कस्तो नीति अवलम्वन गर्दा गरिबको जीवनस्तर उकास्न सकिन्छ र सबैलाई धनी बनाउन सकिन्छ भन्ने नीति बनाउने कुरा धनीलाई जिम्मा दिएर कसरी हुन्छ ? उसलाई गरिबी पीडा के थाहा हुन्छ र ? जसले अभाव र बिपन्नताको पीडा भोगेको छ, त्यसले नीति बनाउँदा पो त्यो समूहको हितका खातिर बढी जोड दिन्छ त । प्रायजसो धनीले अरु धनी नहुन्, मै मात्र अझ प्रगति गरुँ भन्ने सोचाई राखेका हुन्छन् । त्यसैले यस्तो सोचाई राख्नेहरुलाई उद्योग र ब्यापारमै रमाउन र सकेसम्म राज्यको नीति, परिधिमा बसेर कमाउन दिनुपर्छ । देश र जनताको सेवा गर्ने पवित्र उद्देश्य राखेर राजनीतिमा आउने हो भने आफ्नो सम्पत्तिको ७० प्रतिशत हिस्सा राज्यलाई सुम्पेर उदारभावसहित आउनु पर्‍यो र ब्यापार गर्नु भएन । होइन भने राजनीति ब्यापार गर्नका लागि हुनु हुँदैन । ब्यापारीको कब्जामा परेको र ब्यापारीले किनेको कथित लोकतन्त्रले न गरिबको, न देशको हित गर्छ ? गर्छ त केवल सामन्त, दलाल, नवभुइँफुट्टा पूँजीपति वर्गको स्वार्थको सेवा मात्र ।

**लोकतन्त्र शक्तिशालीका लागि कि निर्धाका लागि ?**

राज्यसत्ताको स्वरुप स्वभावैले निरंकुश हुन्छ भनिन्छ । राज्यले नियम कानूनमा जनतालाई, नागरिकलाई राख्नुपर्ने र नियमको पालना कडाइकासाथ गर्नु गराउनुपर्दा राज्य निरंकुश हुन्छ भन्ने मान्यता राखिन्छ । राज्यले नै नागरिकलाई दमन गरेर मानव अधिकारको उल्लंघन गरिरहेको हुन्छ भन्छन् मानव अधिकारवादीहरु । झट्ट हेर्दा निरंकुश, अधिनायकवादी, तानाशाही राज्य ब्यवस्थामा यस्तै हुन्छ, तर लोकतान्त्रिक राज्य ब्यवस्थामा जनताले जनतामाथि आफैं दमन गर्दै भन्ने मान्यता राखिएको हुन्छ । यो लोकतान्त्रिक ब्यवस्था पनि धनी पूँजीपति, उद्योगी, ब्यापारीको कब्जामा गयो भने यसले पनि शक्तिशालीको मात्र भजन गाउने र निर्धाको हुर्मत लिने खतरा रहने रहेछ । गरिब निमुखाले हाम्रो लोकतन्त्रमा मतदाताभन्दा माथि उठ्नै नसक्ने हो भने हिजोको निरंकुश शासन र अहिलेको लोकतन्त्रमा के फरक भयो र ? हिजोका दिनमा राणाकालमा रैती बनेकाहरु पञ्चायतमा भोट हाल्न पाउने प्रजा बने भने २०४७ पछि जनता बनेकाहरु अहिले वर्तमानमा नागरिक भएका छौं । तर गरिब निमुखाको अधिकार कागजमा समान भएता पनि ब्यवहारमा निर्धाले सास्ती खेप्नै परिरहेको छ । खासै फरक छैन । हिजोका रैती र आजका नागरिकमा बिपन्नहरुको अवस्था उस्तै छ । हिजो पनि अरुले लाए अह्राएको गर्ने, आज पनि अरुलाई नै शासक बनाउने आफू पहुँचवालाबाट शासित भइरहने । शासन शैलीमा फरक आएता पनि नागरिकको जीवनमा अन्तर खासै भएन । हाम्रो लोकतन्त्रमा गरिबहरु नीति निर्माण तहमा पुग्नै सक्दैनन् खर्चिलो चुनाव प्रणालीका कारण । तीन तहको सरकारको ब्यवस्था संविधानमा भए पनि पालिका तहमा वडा सदस्यमा निर्वाचित हुनेभन्दा माथि आर्थिक बिपन्नहरु जानै नसक्ने अवस्था देखिएको छ । एउटा वडाध्यक्षले चुनाव लड्न एकदेखि तीन करोड, पालिका प्रमुखमा एकदेखि १० करोड, प्रदेश सांसददेखि संघीय संसदको चुनाव लड्न दुईदेखि पचास करोडसम्म खर्च गर्नुपर्ने अवस्था आएपछि गरिबहरुले यो ब्यवस्थामा कसरी चुनावी प्रतिष्पर्धा गर्न सक्छन् त ? अरु शासन ब्यवस्थामा शक्तिशाली, धनीमानी, पूँजीपतिहरु मात्र माथि पुगे, गरिबको दिन आएन, गरिब निर्धाको पनि न्याय र इज्जत हुने ब्यवस्था भएन भनेर लोकतन्त्र ल्याएको, तर खोई त लोकतन्त्रले गरिबलाई शासन सत्तामा पुर्‍याएको ? जताबाट, जुन दलबाट, जसरी पनि पहुँचवाला, धनी पूँजीपतिहरु नै सत्ताको निर्णयक तहमा पुगिरहेका छन् । अनि गरिबका दिन कहिले आउँछन् त ? जसको सबै सम्पत्ति जोड्दा लाखमा सीमित हुन्छ, अझ कतिको त हजारमै सीमित पनि होला ? त्यस्तो अवस्थाको नागरिकले यो लोकतन्त्रमा कसरी चुनाव धान्न सक्छ ? अब यसतर्फ सोचेर निर्वाचन प्रणालीमा सुधार गर्नु आवश्यक भइसकेको छ ।

अब आरक्षण जात र धर्मका आधारमा होइन, आर्थिक बिपन्नताका आधारमा गरिनुपर्दछ । देशको कुल जनसंख्याको कति प्रतिशत धनी र कति गरिब छन् ? त्यसको आधारमा सबै तहमा बिपन्नहरुका लागि आरक्षण सिट छुट्याइनु पर्दछ । त्यो निर्वाचन क्षेत्र र कोटामा बिपन्नहरुकाबीचमा मात्र प्रतिष्पर्धा हुनेछ भने त्यसको सम्पूर्ण चुनाव खर्च र प्रचार सामग्रीहरु मितब्ययी ढङ्गमा राज्यबाटै ब्यवस्था गरिनु पर्दछ । अनिमात्र राजनीतिको मूलधारमा बिपन्नहरुलाई अघि ल्याउन सकिन्छ । नत्र एउटा सामान्य किसान मजदुरका छोराछोरी सँधै पहुँचवाला धनीमानीका स्थायी मतदाताभन्दा माथि उठ्नसक्ने अवस्था रहँदैन । लोकतन्त्र त गरिबका लागि पनि आएको होला नि ? सँधै शक्तिशालीलाई मात्र राज्यको उपल्लो निर्णायक स्थानमा पुर्‍याइरहने हो भने लोकतन्त्र फेरि पनि शक्तिशालीका लागि कि निर्धाका लागि पनि भन्ने प्रश्न उठिरहनेछ । लोकतन्त्र सबैका लागि हो भने अबिलम्ब निर्वाचन प्रणालीमा सुधार गरेर आर्थिक स्थितिका आधारमा समावेशी निर्वाचन प्रणालीमा जानु पर्दछ । दलित, महिला, अल्पसंख्यकहरुका लागि आरक्षण गरेजस्तै जनसंख्याको ठूलो हिस्सा ओगटेको आर्थिक बिपन्नहरुका लागि पनि राजनीति र राज्यसत्तामा संरक्षण हुन जरुरी छ ।

# मोरङको सुकुना क्याम्पसमा दुई पक्षबीच कुटाकुट



झापा(प्रस) । मोरङको सुन्दरहरैँचा नगरपालिका-१२ मा रहेको सुकुना बहुमुखी क्याम्पसमा शुक्रबार साँझ दुई पक्षबीच कुटाकुट भएको छ । आपसी विवादमा कुटाकुट हुँदा क्याम्पसका स्ववियु (स्वतन्त्र विद्यार्थी युनियन) सभापति सन्तोष लिम्बू घाइते भएका छन् ।

विराटचोकको सुकुना सामुदायिक अस्पतालमा उपचार सम्भव नभएपछि लिम्बूलाई थप उपचारका लागि विराटनगरको आर्या न्युरो अस्पताल लगिएको छ । मध्यम अवस्थाका लिम्बूको टाउकोमा १० टाँका लगाइएको प्रहरीले जनाएको छ ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार क्याम्पस परिसरभित्रको मैदानमा विद्यार्थीहरुले क्रिकेटको अभ्यास गरिरहेका बेला दुई पक्षबीच साँझ ६ः४५ बजेतिर विवाद भएको थियो । सुन्दरहरैँचा-१२ घर भएका स्ववियु सभापति लिम्बू र सोही क्याम्पसका अनेरास्ववियु (अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन) अध्यक्ष मोरङको बेलबारी नगरपालिका-१० का योगेश दाहाल विवाद मिलाउन भनेर गएका थिए ।

प्रहरीका अनुसार दुवै जनाले सम्झाइबुझाइ गर्दा पनि विवाद नमिलेपछि लिम्बूले क्रिकेटको स्टमले हान्दै क्याम्पस परिसरभित्र रहेका सबैलाई बाहिर निकाल्न थाले । त्यही क्रममा क्रिकेट स्टमले अनेरास्ववियुका अध्यक्ष दाहालको टाउको र खुट्टामा लाग्यो । घटनापछि आक्रोशित भएका दाहालले क्याम्पसको गेट बाहिर निस्कनसाथ लिम्बूलाई चिर्पटले प्रहार गरेको डीएसपी बस्नेतले बताए ।

उनका अनुसार चिर्पट प्रहारबाट लिम्बूको टाउकोमा चोट लागेको छ । घटनामा प्रयोग गरिएको चिर्पट हालसम्म फेला नपरेको प्रहरीले जनाएको छ । घटनापछि अनेरास्ववियुका अध्यक्ष दाहाल फरार छन् । इलाका प्रहरी कार्यालय विराटचोकका सइ (प्रहरी नायव निरीक्षक) नीरबहादुर खड्का नेतृत्वको टोलीले दाहालको खोजी गरिरहेको छ । घटनाको अनुसन्धान भइरहेको डीएसपी बस्नेतले बताए ।

# बिर्तामोडमा ब्राउनसुगरसहित एक पक्राउ



बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा ब्राउनसुगरसहित एकजना पक्राउ परेका छन् ।

शनिवार दिउँसो १ बजेको समयमा बिर्तामोड नगरपालिका वडा नम्बर ४ आदर्श बैंकेट अगाडी उत्तरदक्षिण सडकखण्डमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको टोलीले शंकास्पद लागेर बिर्तामोड ४ बस्ने २५ वर्षीय बिकु राजवंशीको शरीर खानतलासी गर्दा उनले लगाएको पेन्टको दाहिने गोजीबाट शिखर चुरोटको खोलभित्र स-साना पोकामा २ ग्राम २५० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।उनलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय अनारमनीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# पूर्ण महाकुम्भमा ४० लाख भक्तद्वारा दर्शन



झापा(प्रस) । सुनसरीको चतराधाममा एक महिनासम्म लागेको बाह्रवर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेला विधिवत रुपमा पूजार्चना एवं स्नान गरी शुक्रबार समापन भएको छ । मेला गत चैत २७ गते सुरु भएको थियो। मेलाका क्रममा ४० लाखभन्दा बढी भक्तजनले कुम्भस्नान तथा वराह भगवान्को दर्शन गरेको मेला आयोजक समितिका उपाध्यक्ष किसन थापाले बताए। मेला आयोजना गर्न संघीय सरकारले रु.७० लाख र प्रदेश सरकारले रु.५५ लाख प्रदान गरेको थियो । मेलाको समुद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गरेका थिए । कुम्भस्नान गर्न जगत्गुरु बालसन्त मोहनशरण देवाचार्य, कोशी प्रदेशसभा सदस्य इस्रायल मन्सुरी, मुख्यसचिव वैकुण्ठ अर्याल, बागमती प्रदेशका सचिव हुमकला पाण्डे, सुनसरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव अर्जुन पोखरेल, वराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीलगायत सप्तकोशी नदीमा पुगेका थिए ।

प्राचीन हरिद्वारका नामले समेत प्रसिद्ध चतराधाममा २०५९ सालेखि पूर्णमहाकुम्भ मेला आयोजना हुँदै आएको छ । चतराधाममा प्रत्येक छ वर्षमा अर्धकुम्भ र बाह्र वर्षमा पूर्णकुम्भ मेला लाग्ने गरेको छ ।


## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल



## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्धार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्धार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**

डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३


रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## प्रेमिका र फूल

• राजेश सापकोटा



माया गर्नेहरू धेरै छन् फूलका
जवानी फुकाएर अलिकति
हरेक गोधुली साँझमा
पार्कहरूमा हल्लिँदै
पोखिएर रातो घामसँगै
थुप्रैसँग डेटिङ जान सक्छन् -
फूलहरू ।
चराहरूको चिरबिरमा मक्ख पर्दै
सिरसिरे बतासको सुसेली सङ्गीतमा
टाउको हल्लाउँछन्-
फूलहरू ।
मनमोहक ती फूलहरू पनि
क्षणिक हुन्छन्
झर्न सक्छन् ओइलिएर।
त्यसैले त ती कामातुर छन्
मौसमले काउकुती लगाउँदा
तिमीलाई हेरेर पनि अर्कैसँग
जिस्किन सक्छन् -
फूलहरू ।
तिम्रो आँखा छलेर
भँमराहरूसँग
खुलेआम
चुम्बन गर्न सक्छन् -
फूलहरू ।
फूलहरू सबैको लागि
उसैगरी मुस्कुराउँछन्।
कुनै प्रेमिकाको लागि
प्रेम दिवसको दिनमा
प्रेमीले दिने
रातो गुलाफको अर्थसँग
साटिन सक्छन्-
फूलहरू ।
इमानदार छैनन् -
फूलहरू
प्रायः रातहरूमा,
तिम्रो सम्पर्कबाट बाहिर
अँध्यारोको च्यादर ओढेर
जूनसँग जवानी साट्न
व्यस्त हुन्छन् -
फूलहरू ।
अनिदो रातसँगै,
झिसमिसेमै उठेर
नुहाउँदै,
शीतका थोपाहरूले,
आफूलाई ताजा
बनाउँछन् -
फूलहरू ।
चित्त नबुझेर
त्यतिले,
स्थिर नबसेर
सधैँ ,
इतरिँदै हावासँग,
जवानी ढलिसकेपछि पनि
पोइल जान सक्छन्-
फूलहरू ।

गजल

## अलमल



• कृष्ण मोक्तान

एकै नजर के परेथ्यो परे म त अलमल
औसिको यो रातमा पनि जूनकीरीझैँ झलमल

बीचमा रातो जेब्रा क्रसिङ वारिपारि थियौं हामी
फुत्तै बाटो काटौं जस्तो भएको थे चलमल

जब हरियो बत्तीसँगै यात्रुहरू लाइन लागे
चलेनन् यी पाइलाहरू भै त हालेँ ढलमल

पारिबाट तिमी आयौ वारिबाट म नि हिँडेँ
चारपाइलोमै किन होला ? असिनपसिन खलमल

हतारिएको दुई यात्रीको सडक बीचको जम्काभेट
अमिट छाप बनी बस्दा सम्झना भो पलपल ।

# सागर फडेराको अवसान



• योगेन्द्र तिमिल्सिना

एक रात अचानक घरभित्र बाढी पस्यो र घरसहित सागरकी बहिनीलाई पनि बगाएर लग्यो । त्यसको केही महिनापछि सागरले घर छोडेको थियो । सागर घर नफर्केको आउँदो पुस महिनामा १० वर्ष पुग्थ्यो । बाबु आमाले जति प्रतीक्षा गरे पनि सागर फर्केनन्, सागर कहाँ छ भन्ने पनि उनीहरूलाई थाहा थिएन । दिल्लीको उत्तरपट्टिको ग्रामीण भेग वजिरपुरमा सागर फडेराले एउटा कोठा भाडामा लिएको थियो । ऊ आफ्नो कोठामा खाजाका सामग्री तयार गर्थ्यो, दिन ढल्केपछि खाजा बोकी टायरको चार चक्के ठेला ठेलेर ठाउँ, ठाउँ पुग्थ्यो र सहरका चोक चोकमा चटपटे, पोलेका हरिया मकै, साँधेको आलु जस्ता सामग्री बेची साँझमा थाकेर आफ्नो कोठा वजिरपुर फर्कन्थ्यो ।

हुम्ला जिल्लाको सर्केगार्ड गाउँमा सागर, उसका बाबु, आमा र एउटी बहिनी बस्थे । उसका बाबुको उमेर ७८ वर्ष पुगेको थियो भने आमाचाहिँ ७२ वर्षकी थिइन् । फडेरा दम्पतीले जङ्गल नजिकैको खोला छेउमा खरको छानो हाली बारबेर गरेर एउटा छाप्रो तयार गरेका थिए । त्यही छाप्रोमा गुँडुल्किएर उनीहरू रात काट्थे । एक रात अचानक घरभित्र बाढी पस्यो र घरसहित सागरकी बहिनीलाई पनि बगाएर लग्यो । त्यसको केही महिनापछि सागरले घर छोडेको थियो । सागर घर नफर्केको आउँदो पुस महिनामा १० वर्ष पुग्थ्यो । बाबु आमाले जति प्रतीक्षा गरे पनि सागर फर्केन, सागर कहाँ छ भन्ने पनि उनीहरूलाई थाहा थिएन ।

सागरको कोठाको ठ्याक्कै अगाडि अर्को एउटा कोठामा एउटी वेदिका मीना नाउँ गरेकी मद्रासी शिक्षक बस्थिन् । सागरको कोठा र वेदिकाको कोठाको बिचबाट पछाडिका अरू कोठातर्फ जान र बाहिर निस्कन एउटा सानो गल्ली थियो । साँझ परेपछि पछाडिपट्टि बस्ने श्रमिकहरू दिनभरको परिश्रमले थकित भई त्यही गल्ली हुँदै आआफ्ना कोठाभित्र छिर्थे । त्यहाँ भाडामा बस्ने श्रमिकमध्ये कोही फ्याक्ट्रीमा काम गर्ने ज्यामी थिए, कोही सिकर्मी र कोही सामान्य होटलका बेरा थिए । एकले अर्काको कुनै चियो चर्चो गर्दैनथ्यो । अर्थात् यसो भनौँ दिनभर खर्चेको श्रमको थकाइले आफ्नोबाहेक अरूको चासो राख्ने फुर्सद कसैलाई थिएन । कोठा बाहिर निस्केर बाहिर हेर्ने बरन्डा पनि थिएन, कसैलाई त्यसो गर्ने फुर्सद पनि थिएन ।

सागर बिहानको खानपिन गर्थ्यो र खाजाका सामग्रीहरू ठेलामा बोकेर वजिरपुरबाट सहरतिर लम्कन्थ्यो । म पनि साँझमा टहल्न अनायसै त्यतै आइपुग्थेँ । अशोक विहारको जय हिन्द सिनेमा हलको छेउको चौबाटोमा सागरसँग प्रायः मेरो भेट हुन्थ्यो । ग्राहकबाट फुर्सद हुनेबित्तिकै ऊ मतिर फर्कन्थ्यो र भलाकुसारी गर्न मन पराउँथ्यो । दैनन्दिनको भेटमा ऊ मेरो आत्मीय मित्र भइसकेको थियो र मसँग कतिपय अन्तरङ्ग कुरा गर्न ऊ रुचाउँथ्यो । हामी दुवैका निम्ति यो विदेश थियो । यहाँ मन मिल्ने अरू स्वदेशी साथी हामी दुवैका थिएनन् । मेरो पनि मनको कुरा पोख्ने ठाउँ अन्त कतै थिएन । उसको पनि शायद त्यस्तै हुँदो हो ।

एकदिन उसले मलाई भन्यो, "आज मेरो टाउको भारी भइरहेको छ ।" मैले किन त्यस्तो भयो भनी सोधेको प्रत्युत्तरमा उसले भन्यो, "आज रातभर राम्रोसँग सुत्न पाएको छैन ।" मैले "के भएर सुत्न नपाएको ?" भनी सोधेको जवाफमा उसले 'त्यत्तिकै' भनी टाउको हल्लायो । नयाँ ग्राहक आयो र उसको ध्यान त्यता मोडियो । त्यसपछि म आफ्नो गन्तव्यतर्फ लागे ।

अर्को दिन फेरि सागरसँग मेरो भेट भयो । त्यो दिन उसले आफ्नो अन्तरङ्ग कथा सुनायो । "वेदिकाले आज त झन् मलाई रातभर सुत्न दिइन । राति रक्सी खान बोलाउँछे, मातेपछि उसलाई मन लागेको गर्छे, म ऊबाट उम्कन सक्तिन ।"

"उ एक्लै छे र ?" मैले थप कुरा बुझ्न खोजेँ ।

उसले भन्यो, "उसको एउटा सात वर्षको छोरो पनि छ । बच्चा निदाएपछि उसले मलाई बोलाउँछे । पहिले पहिले त म नाइँ भन्थेँ तर उसले बोलाउँदा बिस्तारै म पनि 'नाइँ' भन्न नसक्ने अवस्थामा पुगेँ । म गएपछि उसले ब्रान्डेड रक्सी र स्न्याक ठिक पार्थी । त्यसपछि रक्सीको चुस्की लिँदै हामी गफ गर्न थाल्थ्यौँ र बिस्तारै आपसमा आलिङ्गन गर्न थाल्थ्यौँ ।" "पहिले त ऊ एक्लै थिई । एक महिनाअघि छोरो लिएर उसको लोग्ने चाहिँ मद्रासबाट दिल्ली आएको थियो । वेदिका स्कुलमा शिक्षिका थिइन् । उसलाई छोरो जिम्मा लगाएर लोग्ने चाहिँ छिटै मद्रास फर्क्यो । शायद ऊ पनि मद्रासमा जागिर खान्थ्यो । बिहानको खाना खाएर छोरो लिएर वेदिका स्कुल जान्थी । उसको छोरो पनि त्यही स्कुलमा पढ्थ्यो । स्कुल छुटेपछि ऊ पनि आमासँगै फर्कन्थ्यो ।"

"दिन बित्दै गए, वेदिका यौन उत्तेजनाले उग्र हुँदै मसँग आशक्त हुन थालेकी थिइन् । म पनि उसलाई छोड्न सक्तिनथेँ । मलाई पनि कतिबेला उसको कोठामा पसुँ जस्तो हुन्थ्यो ।" वेदिकासँग भएका सारा क्रियाकलाप सागर फडेराले मलाई भनिसकेको थियो ।

अचानक म राजस्थान जानुपर्ने भयो । केही दिन त्यतै बस्नु परेकाले सागरसँग मेरो भेट हुन सकेन । फर्केपछि एकदिन फेरि मैले व्यस्त सडक छेउमा सागर फडेरालाई भेटेँ । उसले आज मलाई अर्कै कथा सुनायो । उसले भन्यो, "आज मैले अचानक सर्केगार्ड पुगेको सपना देखेँ । नयाँ फरिया लगाएर आमा कतै जाँदै थिइन् । उनलाई मैले बाटोमै भेटेँ, अचानक मलाई बाटोमा भेटेपछि आमा खुसी भइन् र मलाई अँगालो हालिन् । मैले आमालाई ढोग गरेँ । आमा अगाडि लागिन्, म आमाको पछाडि लागेँ । आमासँगै म घरभित्र पसेँ । बा पनि छक्क परेर मुसुमुसु हाँस्न थाले । मलाई अचम्म लाग्यो, बाले कस्तो राम्रो नयाँ घर बनाएछन् । बडो रमाइलो भयो । बा पनि झन् भर्खरका पो देखिए । बा आमासँग रमाइलो गफ गरेर बसिरहेको थिएँ, अचानक म बिउँझिएँ । मलाई त एक पटक घर जाउँ, जाउँ पो लागेको छ ।"

मेरो आफ्नो व्यस्तताका कारण केही दिनदेखि मैले सागरलाई भेट्न सकेको थिइनँ । आजको भेटमा उसले वेदिकासँगको गतिविधिको कुरा केही गरेन । सागरको कथा मोडियो । उसले भन्यो, "हिजो साँझ वेदिकाको लोग्ने आइपुगेको छ । हिजोदेखि नै उसँगको सम्पर्क अलग्गिएको छ । आजदेखि म पनि एक्लिएको महसुस गरिरहेको छु ।"

जुलाई महिनाको अन्त्यतिरको कुरा हो, अर्थात् नेपालमा मध्य श्रावणको समय थियो, रातिदेखि नै पानी परिरहेको हुँदा दिल्ली अँध्यारो थियो । घर बाहिर मानिस र सवारीसाधनको आवतजावत पातलो थियो । बर्साती ओढेर आएको नवभारत टाइम्सको वितरक घरको आँगनमा पत्रिका फ्याँकेर साइकलमा हुइँकिइसकेको थियो । पत्रिका केही भिजेको थियो । आँगनबाट पत्रिका टिपेँ र सरसर्ती हेर्न थालेँ ।"

"सेक्स स्क्यान्डल मे नेपाल के बहादुर कि हत्या" शीर्षकको मुख्य समाचारमा मेरो आँखा पऱ्यो । समाचारमा 'नेपाल' शब्द जोडिएको हुँदा तुरुन्तै पढिहाल्ने कौतूहलता मभित्र जाग्यो ।
समाचार पढेँ, त्यो समाचार सागर फडेराको परस्त्रीसँगको यौन सम्बन्ध र उसको वीभत्स हत्यामा आधारित थियो । प्रहरी अनुसन्धानले उसको हत्याको कारण परस्त्रीसँग यौन सम्बन्धको निरन्तरता भन्ने देखाएको थियो । रगत लतपतिएको उसको वीभत्स शव हेर्दा गर्धन आधाभन्दा बढी काटिएको र लिङ्ग छिनालिएको अवस्थामा थियो । घटनापछि वेदिका र सागरको यौन सम्बन्धबारे विभिन्न समाचार माध्यम र सर्वसाधारणबिच विभिन्न तर्क भएको मैले सुनेँ । ती तर्कमध्ये केही युवाले यस सम्बन्धलाई महिला र पुरुष दुवैको जैविक आवश्यकता भने, पाका मानिसहरूले परस्त्री र परपुरुषबिचको यो सम्बन्ध अनैतिक र घोर आपत्तिजनक भने र अरू केही सन्त महन्तले परस्त्री गमन महापाप कर्म हो भने । जसले जे भने पनि दुःखद घटना आखिर भइसकेको थियो, सागर फडेराको अवसान भइसकेको थियो ।

# प्रतीक्षा



• सावित्रा पाण्डे

लामो यात्रापछिको थकान र झरीको सङ्गीतले गर्दा ब्युँझेर पनि बिस्तरा छोड्न पटक्कै मन थिएन । "शुभ प्रभात सर ! सरलाई चियाका लागि तल कसैले प्रतीक्षा गरिरहेको छ ।" एक्कासि आएको आवाजले झसङ्ग भएँ । यो नयाँ ठाउँमा मेरो प्रतीक्षा गर्ने को हुन सक्छ ? अचम्ममा परेँ । क्याम्पसको सञ्चालक समितिका मान्छे होलान्, केही विशेष कुराका लागि आएका भन्ने लाग्यो । आखिर क्याम्पसमा स्नातक तह सञ्चालनका लागि अनुमति दिने सम्बन्धमा अनुगमन गर्न मलाई विश्वविद्यालयले खटाएर यति टाढा कच्ची बाटोमा जीवनलाई हत्केलामा राखेर आएको थिएँ । म यतिबेला विद्यालयका प्रधानाध्यापकका घरमा छु जसले गाउँमै स्नातकसम्म अध्ययन हुने कलेज बनाउन प्रयास गरिरहेका छन् भन्नेभन्दा बढी मलाई यहाँका बारेमा केही थाहा थिएन, यो थाहा नहुनु नै मेरा लागि बडो आनन्दको विषय थियो ।

नित्यकर्म सकेर भान्साघरभित्र छिर्दा अँध्यारो थियो, त्यहाँ मान्छे छन् भन्नेसम्म थाहा हुन्थ्यो तर अनुहार स्पष्ट छुट्याउन नसकिने । भान्साकोठाको छेउमा राखिएको कुर्चीबाट जुरुक्क उठेर एउटी केटीले बडो विनम्रताका साथ नमस्कार गरी, सन्चोबिसन्चो सोधी र सोधी यात्राका बारेमा पनि । उसको कुरा गराइबाट लाग्थ्यो, ऊ मलाई वर्षौंदेखि चिन्छे । अनुहार स्पष्ट नदेखिए पनि कुनै कन्दरामा प्रतिध्वनित भएर निस्किए झैँ लाग्ने आवाज कहीँ त सुनेकै हो भन्ने लाग्यो । "सरले मलाई सम्झनु भएन, सम्झनु पनि कसरी यतिका वर्षसम्म ? सरहरू माथि बार्दलीमा बस्दै गर्नुहोला म चिया लिएर माथि नै आउँछु ।" उसको निर्देशन सुनेर आज्ञाकारी विद्यार्थी झैँ हामी भऱ्याङ चढेर बार्दलीमा गयौँ । आँखै अगाडि ठोक्किन आउने महाभारत पर्वत शृङ्खला र त्यसको छाती चिरेर बनेका घाउ झैँ देखिने मोटर बाटोबारे छलफल गर्न थाल्यौँ । हिजो यही बाटो कटेर आएको थिएँ, सम्झेर मुटु जिरिङ्ङ भयो एकपल्ट ।

मुखले प्रधानाध्यापकसँग कुरा गरिरहे तापनि मेरो ध्यान भने भान्साकोठातिरै थियो तर अनुहारमा मानसिक छटपटी नदेखियोस् भन्ने कुरामा सचेत थिएँ । केही समयपछि किस्तीमा चियाका कप राखेर भऱ्याङ उक्लँदै गरेकी ऊसित अचानक आँखा जुध्यो । उही रहस्यमय गहिरा आँखा, उही गम्भीर अनुहार ! मुटुको धड्कन अचानक तेज गतिमा चल्न थाल्यो, बोल्ने कुनै शब्द आएन । अनुहारमा देखिएको सुखद आश्चर्यलाई चियाको बाफले छोप्ने प्रयास गरेँ ।

चिया पिइसकेपछि जुरुक्क उठेर उसैले बोली, "विद्यालयको कार्यक्रम भोलि छ, आज शनिबार पनि हो, आजको दिन सरलाई घुमाउने जिम्मा मेरो, हजुरहरूलाई केही आपत्ति त छैन नि ?" हाम्रो अनुहार पालैपालो हेर्दै सोधी उसले ।

घरपछाडिको सानो गोरेटोबाट अगाडि लागी ऊ । म आज्ञाकारी बनेर पछिपछि डोरिएँ ।

प्रधानाध्यापकलाई गरेको सम्बोधन र नमस्कारबाट यति त अड्कल काटिसकेको थिएँ कि ऊ मैले अनुमान गरे झैँ उनीहरूकी छोरी थिइन् । यस कुराले त्यति आश्चर्यमा पारेन मलाई जति यतिका वर्षपछि ऊ अचानक भेटिएकोमा परेको थियो । केही समय तेर्सो हिँडेपछि हामी उकालो लाग्यौँ । राति परेको पानीले बाटो ओभानो भइसके पनि झरीले भिजाएको माटोको सुगन्धले मलाई मोहित बनाइरहेको थियो । बेला बेला पछाडि फर्केर मलाई गाह्रो भयो कि भनेर सोध्नेभन्दा बढी हाम्राबिचमा केही कुराकानी भएन ।

यसरी अपरचित बाटोमा हिँड्नु रमाइलो लागे पनि यो मौनता कत्ति सह्य भएन । हामीबिचको मौनतालाई चिर्दै मैले नै कुरा थालेँ, "विश्वविद्यालयबाट अचानक गायब भयौ तिमी त !" मेरो कुरा सुनेर ऊ टक्क अडिई र पछाडि फर्केर मेरा आँखामा हेरी । उसको हेराइमा उही रहस्य थियो र अनुहार उस्तै गम्भीर ! "सरले बिर्सनुभएको छैन मलाई ?" यति प्रश्न सोधेर उसले फेरि पाइला अगाडि बढाई मेरो उत्तरको प्रतीक्षै नगरी ।

हामी अब ढुङ्गा छापेको उकालो बाटो छोडेर कच्ची मोटर बाटोमा निस्कियौँ । उसले हिँड् दाहिँड्दै अलिकति परको गाउँ देखाएर भनी, "ऊ त्यहीँ हो हाम्रो घर !" केही समयमै मोटर बाटोले हामीलाई उसले देखाएको गाउँसम्म पु-यायो । उकालोको टुप्पोमा रहेको ठुलो पोखरीमा केही हाँसका जोडी, रुखका छायाबाहेक यति बेला एक जोडी मान्छेका छाया पनि तैरिरहेको थियो ।

टिनले छाएको सानो चिटिक्क पारेको घरको सिमेन्टले प्लास्टर गरिएको पिँडीमा छोपेर राखिएको मोटरसाइकल बाहिरैबाट देखिन्थ्यो । "भित्र जाऔँ न सर !" ढोका खोलेर भित्र पस्यौँ । झ्यालका पर्दाहरू हटाई, कोठा उज्यालो भयो । पस्नासाथ एउटा ठिक्कको कोठा, दायाँतिर अर्को कोठा, केही कुर्सीहरू, दराजमा सजाइएका परम्परागत भाँडाकुँडा र हस्तकलाका सामानहरू तथा भित्ताभरि झुन्ड्याइएका तस्बिरहरूले कोठा सुन्दर देखिन्थ्यो । तस्बिरमा एकोहोरो हेरिरहेको मलाई भित्ताको एउटा तस्बिर देखाउँदै भनी, "यो हाम्रो परिवार ! बुवा, आमा, दाइ र म । आमा अब यो संसारमा हुनुहुन्न ।" यति भन्दा उसको गला अवरुद्ध भयो । "अनि बुवा र दाइ खै त ?" सोध्न मन भएर पनि बोल्न सकिनँ । उसलाई उसकै संसारमा छाडिदिएर कुर्सीमा बसेँ । एकैछिनमा तातो चियाको कप मेरो हातमा दिँदै भनी, "हजुरलाई अल्छी लाग्यो भने यताको कोठामा बस्न सक्नुहुन्छ, मैले खाना बनाउँछु ।" ऊ भान्सा कोठामा छिर्नासाथ चियाको कप बोकेर छेउको अर्को कोठामा छिरेँ । छिर्नासाथ आश्चर्य लाग्यो । कुनै चर्चित लेखक या प्रोफेसरको निजी पुस्तकालयभन्दा कम थिएन त्यो । दराजमा सजाइएका एकएक पुस्तकहरू हेर्दै गएँ । अध्यात्म रामायणदेखि इलियाड र ओडिसीसम्म, बुद्धको जीवनीदेखि गोर्कीको आमासम्म, माधवीदेखि बुभाएरको द सेकेन्ड सेक्ससम्म ! यो केटी त्यसै त्यति गहिरा प्रश्न सोध्न सक्ने पक्कै भएकी होइन, साँच्चै रहस्यमय छे यो । राजधानी सहरमा बसेर विश्वविद्यालयको प्रोफेसर भइसकेको मान्छेले आफ्नो पुस्तकालयलाई चार कुनाबाट फोटो खिच्दै सामाजिक सञ्जालमा पोस्ट्याउने म जस्ता मान्छेलाई गिज्याइरहे झैँ लाग्यो यसले । टेबुलमा छरिएर रहेका लेख्दालेख्दै बिचमा छाडेका झैँ देखिने डायरी पढ्न मन लागेर पनि पल्टाउने हिम्मत आएन । त्यहाँबाट सुटुक्क बाहिर निस्केर पोखरीको

❖ बाँकी तेस्रो पृष्ठमा

डिलतिर लागेँ ।

विश्वविद्यालयको भरिभराउ कक्षाकोठा, रङ्गीबिरङ्गी कपडामा सजिएका युवायुवती, सबैका साना ठुला आआफ्नै समूह तर कुनै समूहमा अटाउन नसकेकी एउटी केटी जो कक्षाको अगाडि कुनामा छुट्टै कुर्सीमा बसेकी हुन्थी । अक्सर मौन रहने ऊ आफ्नै संसारमा हराए जस्ती देखिन्थी । उसका रहस्यमय आँखाहरू, समुद्रको गहिराइबाट निस्के झैँ सुनिने गहिरो आवाज, पढाउँदा पढाउँदै सोध्ने सीमित तर अनौठा प्रश्नहरूले मेरो मनको शान्त तलाउमा ढुङ्गा फाले झैँ अनेकौँ तरङ्ग ल्याइदिन्थ्यो । एक दिन ' उर्वशी' खण्डकाव्यको भावमा मग्न भएर पढाउँदै थिएँ । कुनै कन्दरामा ठोक्किएर प्रतिध्वनित भए जस्तो गहिरो आवाजमा अचानक प्रश्न सोधी, "सम्भोगको प्रस्ताव अस्वीकर गर्दैगर्दा अर्जुनले उर्वशीलाई ' आमा' भनेर नै किन सम्बोधन गरे होलान् सर ?" कहिले ईश्वर बल्लभका कवितामा हिन्दु दर्शनको प्रभावबारे जिज्ञासा राख्थी । उसका प्रश्न यस्तै असामान्य र गम्भीर हुन्थे, मेरो अपेक्षा र कल्पनाभन्दा धेरै बाहिरका । जब उसले प्रश्न गर्थी पूरै कक्षा शान्त हुन्थ्यो ।

वर्षैपिच्छे सयौँ विद्यार्थी आउँछन् जान्छन्, यही सत्यमा अभ्यस्त भएको यो मन उसको आकस्मिकको अनुपस्थिति किन किन कत्ति सह्य हुन सकेन । दोस्रो वर्षको पढाइ पूरा हुनुअगाडिदेखि नै ऊ कक्षामा आउन छाडेकी थिई । हरेक दिन कक्षामा प्रवेश गरेपछि ऊ बस्ने ठाउँ हेर्थें । रित्तो कुर्सीले मलाई गिज्याए झैँ लाग्थ्यो । हरेक पात झरेर जाने हुन् शिशिरमा, वसन्तमा फेरि नयाँ पलाउँछन् । यो सत्य जान्दाजान्दै पनि वृक्षलाई कुनै एउटा पात झरेर जाँदा यस्तो पीडा हुन्छ कि त्यो घाउ घरी घरी सुम्सुम्याइरहन मन लागोस् ।

"खाना तयार छ सर !" कतिबेला मेरै नजिक आएर उभिएकी रहिछ, आवाजले झस्कैँ । खाना खाइसकेपछि मोटरसाइकल आँगनमा निकाली । सोधेँ, "कहाँ लान्छ् यौ मलाई घुमाउन ?" पश्चिमतिरको अग्लो डाँडो देखाएर भनी, "ऊ त्यो डाँडोमा !" म खुसी र आश्चर्यले झन्डै चिच्याएँ, "आजै पुगिन्छ ?" ऊ मलाई हेरेर मुस्कराई । मैले पहिलो पटक उसलाई हाँसेको देखेँ । मुस्कुराउँदा झन् सुन्दर देखिई ।

गाउँको धुलाम्मे सडक पार गरेर उकालो लागेपछि ढकमक्क गुराँस फुलेको घना जङ्गलमा पुग्यौँ । यति धेरै गुराँस फुलेको वन पहिले कहिल्यै देखेको थिइनँ । यो वासन्ती वनले मलाई यसरी मोहित पार्‍यो कि कहाँ कोसित छु भन्ने पनि बिर्सिएछु । कोटको खल्तीबाट मोबाइल निकालेर फोटो खिच्न थालेको थाहा पाइछ सायद "माथि भन्ज्याङ्बाट अझै राम्रो देखिन्छ सर !" अगाडिबाट चिच्याई ।

लाकुरीको ठुलो बोटमा ढुङ्गा छापेर बनाइएको चौतारीमा टुसुक्क बसेर ऊ मेरो अनुहारको उत्साह पढिरहेकी थिई सायद । म चकचके बच्चा झैँ घरी यता र घरी उता फर्किएर तस्बिर लिइरहेको थिएँ । ढकमक्क फुलेका गुराँस पृष्ठभूमिमा पारेर उसैले मेरा केही तस्बिर खिचिदिई । "तिमी पनि आऊ न, म खिचिदिन्छु ।" मन भएर पनि यसो भन्न सकिनँ । अघि पुग्ने भनेको डाँडोलाई बायाँतिर छोडेर मोटरसाइकल दायातिर तेर्सै हुँइकियो । "अब हामी त्यो डाँडो चढ्दैनौँ ?"आफैँलाई प्रश्न गरेँ । केही मिनेटको यात्रापछि आएको गाउँमाथिको चौतारोमा मोटरसाइकल रोकेर भनी, "अब हामी पैदल हिँड्नु पर्छ सर, उकालै उकालो ।" मैले मुस्कराएर उसको दुविधा मेटाइदिएँ । केही समय उकालो चढेपछि हामी डाँडाको टुप्पोमा पुग्यौँ । वरिपरि देखिएका सारा पहाडलाई तलै छाडेर एक्लै उभिएको चुचुरोमा पुग्दा लाग्यो, सारा संसारलाई तल छाडेर म आफू शिखरमा उभिएको छु ।

"यहाँ नआएको भए मैले जीवनकै स्वर्णिम अनुभूति गुमाउने रहेछु ।" वरिपरिको दृश्य हेर्दै बिस्तारै बोलेँ म ।

"म प्रायः यहाँ आइरहन्छु ।"

"एक्लै ? यस्तो सुनसान छ, डर लाग्दैन ?" निडरताभन्दा पनि उसको रहस्य बुझ्न सोधेको थिएँ यो प्रश्न ! ऊ चुपचाप भुइँमा बसी, आफ्नो गाउँलाई आँखा अगाडि पारेर, म पनि त्यसै गरेँ । के थियौ तिम्रो मौनताको कारण ? किन थियो आँखामा गम्भीर उदासी ? किन कोही साथीहरूको समूहमा हाँस्दै गरेकी भेटिन्नथ्यो तिमीलाई ? परिवारका नाउँमा किन कोही छैन घरमा ? किन हरायौ अचानक विश्वविद्यालयको कक्षाबाट ? सोध्नु थियो अनेकौँ प्रश्न र थियो समय केवल आजको दिन ऊसित हुनलाई ।

"मोटरसाइकल राम्रो चलाउने रै'छौ !" लामो मौनतालाई तोड्दै बोलेँ म ।

"परिस्थितिले सिकायो ।"

परिस्थिति ! शब्दमा नबोले पनि मेरा आँखाको जिज्ञासा बुझी सायद, उसको अनुहार गम्भीर देखियो ।

"समयले सबै लुटेर लग्यो मसित, अब त बुबाको प्रतीक्षाबाहेक केही बाँकी छैन ।" उसका उदास आँखा टाढा क्षितिजतिर हेरिरहेका थिए ।

"सानो र सुन्दर परिवार थियो हाम्रो । बुवा गाउँकै विद्यालयमा प्रधानाध्यापक हुनुहुन्थ्यो । यहीँबाट एसएलसी पास गरेपछि कलेज पढ्न सदरमुकाम गयौँ दाइ र म । बुवा चाहनुहुन्थ्यो हामी पढाइ सकेर गाउँमै फर्कौं, यहीँ आएर पढाऔँ । तर परिस्थिति बुवाले सोचे जस्तो भइदिएन । माओवादी युद्धको प्रभाव गाउँघरमा पर्न थाल्यो । गाउँलेहरू बिस्तारै बसाइँ सर्न थाले । कोही रातारात हराउन थाले । गाउँ असुरक्षित बन्दै गयो । हेर्दाहेर्दै गाउँ युवाविहीन हुन थाल्यो ।

विद्यालयमा बुवालाई दिनहुँ अनेकौँ धम्की आउन थाल्यो, कहिले चन्दा माग्ने तथा कहिले चन्दा दिएको निहुँमा ज्यान मार्ने धम्की आउँथ्यो । विद्यालयबाट संस्कृत शिक्षा हटाउन अनेक दबाब आउँथ्यो तर बुवा डग्नुभएन । उहाँ हामीलाई चिठी लेख्नुहुन्थ्यो एक दिन सबै कुरा ठिक हुने छ, तिमीहरू शिर ठाडो पारेर यही गाउँमा डुल्ने छौ भन्नुहुन्थ्यो । उहाँको आशा र हौसलाले हामी पनि आशावादी हुन्थ्यौँ । आफन्त छिमेकीले जागिर छाड्न र बसाइँ सर्न गरेको अनुरोधलाई उहाँले पटक्कै टेर्नुभएन । एक दिन बुवाले गाउँकै मान्छेका हातमा चिठी पठाउनुभयो । उहाँ देशको परिस्थितिबाट निकै निराश हुनुहुन्थ्यो, बुवामा त्यस्तो निराशा कहिल्यै देखेका थिएनौँ हामीले । बुबाले हामी दुवैलाई अध्ययनका लागि विदेश जान र केही समय गाउँ नफर्कन अनुरोध गर्नुभएको थियो । यहीबिचमा दाइ उच्चशिक्षा अध्ययनका लागि अमेरिका उड् यो । म भने स्नातक गर्दै थिएँ । मलाई आमाबुवालाई गाउँमै छाडेर कतै जान मन लागेन । म चनहन्थैँ पढाइ सकेर यहीँ आएर पढाउन थालूँ । केही दिनपछि आमाले खबर पठाउनुभयो, एक दिन बुवा स्कुलबाट घर आउनुभएन, आमाले कुर्नु भयो रातिसम्म, सोधखोज गर्नुभयो गाउँका केटाकेटीसित । उनीहरूले सर दिनभर स्कुलमै भएको र आफूहरूलाई पढाएको बताए । भोलिपल्ट गाउँ र स्कुलभरि त्रास फैलियो । दिनभरि पढाएर घर फर्केको बुवा घर आइपुग्नु भएन ।"

लामो सुस्केरा छोडी उसले ।

"अनि ?" मैले उसकै अनुहार हेरिरहेको थिएँ ।

"खबर सुनेर म तुरुन्तै घर आएँ । आमाको बिजोग थियो रोएर । आमालाई यस्तो अवस्थामा एक्लै छाडेर फेरि सहर जान सकिनँ । स्नातकको परीक्षा दिन मात्रै गएँ धेरैपछि । बाँकी समय यहीँ बुवाको प्रतीक्षा गरेर बस्यौँ आमाछोरी ।"

"बुबाको केही खबर आएन ?" काँपेको स्वरमा बिस्तारै सोधेँ ।

"नाइँ ! कोही भन्थे माओवादीले जङ्गलमा लगेर मारिसके चन्दा नदिएको निहुँमा, कोही भन्थे सुराकी गरेको निहुँमा सेनाले मारेर फलिदियो झाडीमा । यस्ता अनेकौँ अनुमानका हल्लाहरू आइरहन्थे तर हामी हरेक साँझ ढोका खुल्लै राखेर कुर्थ्यौं बुवा आउने आसमा । मेरो स्नातक सकियो, बाँकीको पढाइ अन्योलमै थियो । यो बिचमा बुवाकै स्कुलमा गएँ तर पढाउनै सकिनँ उहाँकै सम्झनाले । अफिसका भित्तामा सजिएका बुबाका तस्बिरहरूले नराम्ररी बिथोल्थ्यो । सबैको माया र सहानुभूति हुँदाहुँदै पनि मन अडिन सकेन । दाइ पनि यी सबै कुराले अत्यन्तै चिन्तित थियो । दुःखमा परिवारका साथमा हुन नपाएको पीडाबोधले कति छटपटिँदो हो बिचरा ! युद्ध सकियो, देशमा परिवर्तन त आयो तर फर्केर कहिल्यै आउनुभएन बुवा । बुबाकै पीरले बिग्रँदै गयो आमाको स्वास्थ्य, उपचारका लागि काठमाडौँ लगेँ । शारीरिक रोगको त उपचार भयो तर मानसिक रूपमा झन् झन् गल्दै जानुभयो आमा । आमाको स्वास्थ्य र मेरो पढाइलाई ध्यान दिएर उतै कोठा लिएर बस्यौँ हामी । त्यही क्रममा त्रिभुवन विश्वविद्यालमा पढ्न थालेकी हुँ । त्रिभुवन विश्वविद्यालमा स्नातकोत्तर गर्ने सपना त पूरा भयो तर त्यो सपना देखाउने मान्छेको अभावमा जीवन शून्य शून्य लाग्थ्यो । हामी उता भए पनि मन भने यतै हुन्थ्यो । आमा हरपल बुवाकै चिन्ता गर्नुहुन्थ्यो । मलाई पनि बुवा आएर घरमा एक्लै हुनुभयो कि जस्तो लाग्थ्यो । यो बिचमा बुवाको खोजीका लागि हरसम्भव प्रयास गरेँ, हरेक निकायको ढोका ढकढक्याएँ ।"

बोल्दाबोल्दै रोकिई ऊ । मैले उसका आँखामा हेर्न सकिनँ ।

"आमा कहिले जानुभयो त ?" सुस्तरी सोधेँ ।

"त्यही मेरो दोस्रो वर्षको अन्तिमतिर !"

"तेरो बुबालाई भेट्न घरै जान्छु, घरमै बसेर बुवालाई कुर्छु भनेर धेरै जिद्दी गर्न थालेपछि आमालाई लिएर आएँ । दाइ अब उतै बस्छ होला, तिमीले अन्तिमसम्म बुवालाई कुर है ! भन्नुहुन्थ्यो । मैले जसरी पनि बुवालाई खोज्छु भनेर झुटो आस्वासन दिन्थेँ । आमालाई गाउँमा छाडेर काठमाडौँ जाने कि नजाने सोच्दै थिएँ आमाले नै सदाका लागि छोडेर जानुभो ।"

उसको आवाज रोकियो बोल्दाबोल्दै । आँखा वर्षिरहेका थिए । बिस्तारै काँधमा हात राखेर थपथपाएँ, मेरो काखमा टाउको अड्याएर वर्षिरही, वर्षौंदेखिको पीडा आँसु बनेर बगोस् भनेर पनि नरोऊ भन्न मन लागेन । चस्मा निकालेर बिस्तारै आफ्नो आँखाको पानी पुछेँ उसले थाहा नपाउने गरी । आफ्नो आँसुले मेरो सर्ट लछप्पै भिजेपछि अलि अप्ठ्यारो मान्दै उठी ऊ । धेरै समयदेखिको वेदना आँसु बनेर बगेर पनि हुन सक्छ अनुहार अलि उज्यालो देखियो ।

"बिहे गरिनौ ?" प्रसङ्गलाई अन्तै मोड्न र वातावरणलाई सहज बनाउन अचानक सोधेँ । रोएका आँखामा थोरै मुस्कान भरेर मलाई एक झुल्को हेरी "बिहे नै जुरेन मेरो त !" निकै सहज भएर जवाफ दिई ।

"त्यस्तो पनि हुन्छ र ?"

"हुने रहेछ ।" छोटो प्रश्नको छोटै उत्तर दिई ।

हातमा लागेको धुलो टकटक्याउँदै बोल्न थाली, "मैले उनलाई यहाँ ल्याएकी थिएँ एक पटक, उनी पनि आज हजुर झैँ हर्षविभोर थिए यहाँको प्राकृतिक सौन्दर्यले ।"

आज ऊ खुब बोल्ने मुडमा थिई सायद, म ज्ञानी श्रोता बनेर सुनिरहेँ, जसरी सुन्थी ऊ कक्षामा मेरो प्रवचन ।

आमा बितेपछि म यहीँ बसेर बुबाको प्रतीक्षा गरेँ । काठमाडौँ गएँ भने बुबा आउनुहुन्छ, एक्लै हुनुहुन्छ, मलाई खोज्नुहुन्छ जस्तो लागेर पनि जान सकिनँ । परीक्षा दिन गएँ घरमै पढेर थेसिस त दुई वर्षपछि बल्ल पूरा गरेँ ।

यता फेरि स्कुल पढाउन सुरु गरेकी थिएँ । बिहेका लागि दबाब नै त थिएन तर म एक्लै भएँ भन्ने पीर गरिरहन्थ्यो दाइ ।

"अनि ?" म विषयमै पस्न चाहन्थेँ ।

फेरि पर क्षितिजतिर हेर्दै बोल्न थाली, "हामी यही डाँडोमा बसेर बिहेको योजना बनायौँ र यहीँ बिहे नगर्ने निर्णय गरेर छुट्टियौँ ।"

"किन नि त्यस्तो ?" जिज्ञासा र आश्चर्य मिश्रित भावमा प्रश्न गरेँ ।

उनी चाहन्थे बिहेपछि म उनीसँगै सहर पसूँ, सहरमै जागिर गरूँ ।

म चाहन्थेँ हामी यहीँ बसौँ । घर, बारी छ, खेत छ, जागिर यहीँ छ, यो गाउँलाई हाम्रो खाँचो छ, कुनै दिन बुबा फर्केर आउनुहुन्छ । मैले यो घर र बुबालाई कुर्नुपर्छ तर उनी मेरो प्रस्तावलाई हाँसेर उडाइदिए । संस्कार, प्रचलन, परम्परा आदिका कुराले मलाई प्रभावित पार्न खोजे ।

मेरो घरमा नयाँ संसार बसाउन उनको संस्कारले रोकेपछि मैले पनि उनलाई बाँधिराख्नु उचित लागेन । हामी फरक बाटोका यात्री रहेछौँ, हाम्रो गन्तव्य अलग रहेछ । यति भन्दा मेरा आँखामा कत्ति आँसु आएन बरु एक प्रकारको हलुङ्गो महसुस भयो; त्यसपछि हामी कहिल्यै भेटिएनौँ ।

यति भन्दा उसका आँखा उज्याला भएका थिए । सायद वर्षौंदेखि मनमा गुम्सिएका कुरा पोख्न पाएर पनि मन हलुङ्गो भएको होला ।

"अब के छ त भविष्यको योजना ?" सोध्दिनँ भन्दाभन्दै अनायासै फुत्कियो । यस पटक मेरा आँखामा आँखा जुधाएर भनी, "बुवाको प्रतीक्षा ! मलाई विश्वास छ एक दिन घर सम्झेर पक्कै बुवा आउनुहुन्छ । यदि हजुर आउनुभएको काम सफल भयो र कलेज खुल्ने भयो भने कलेज पनि पढाउँछु ।"

उसको पछिल्लो अभिव्यक्तिले म झस्केँ । वास्तवमा मैले त आफू यहाँ आउनुको प्रयोजन नै भुलेको रहेछु ।

पश्चिमतिर ढल्किन लागेको सूर्यतर्फ सङ्केत गर्दै भनी, "अब हिँडौँ होला सर ।" मन नलागी नलागी उठेँ दायाँबायाँ हेरेर भनेँ, "यो ठाउँमा बस्नै पुगेन । कलेज खुलेपछि के म एक पटक तिमीलाई भेट्न आउन सक्छु ? हामी यहीँ आएर यसरी नै बस्न सक्छौँ ?" उसले हाँसेर टाउको हल्लाई । "मलाई अर्को वर्षको प्रतीक्षा रहने छ ।" सुस्तरी बोलेँ ।

पश्चिमतिर फर्केर मौन उभिएर मेरो अनुहारमै नहेरी उसले भनी, "सर हजुरले मलाई सम्झनुभएको होला, चिन्नु होला भन्ने कल्पनै थिएन । अनेकौँ विद्यार्थीका बिचमा पनि एउटा विद्यार्थीलाई यतिका वर्षसम्म कसरी याद गर्न सक्छ एउटा प्रोफेसरले ?"

प्रश्न सोधेर जवाफको प्रतीक्षै नगरी अगाडि बढी, मानौँ उसले आफैँसँग कुरा गरेकी हो । तिमीले छोडेपछि तिम्रो कुर्सी सधैँ खाली रहन्थ्यो, हरेक दिन कक्षामा पुगेपछि पहिलो नजर तिमी बस्ने कुनामा पुग्थे । हरेक वर्ष आउने नयाँ विद्यार्थीहरूमा तिम्रै जस्ता रहस्यमय आँखा र गहिरा प्रश्नहरू खोज्थेँ । साहित्यिक कार्यक्रममा मञ्चमा उभिँदा पनि दर्शकदीर्घामा तिम्रो अनुहार खोज्थेँ । नामै थाहा नभएकी एउटी केटीलाई फेसबुकका भित्तामा खोज्थेँ, तिमी जस्तो विद्यार्थी जीवनमा एउटा मात्रै भेटिन्छ । जीवनमा भेटिएको यति विशेष मान्छेलाई कसरी बिर्सन सकिन्छ र ! उसलाई सुनाएरै भन्न मन थियो सबै तर मनमै राखेँ ।

डाँडोलाई एक्लै छोडेर ओरालो झर्दा अर्को डाँडोले घामको रातो टीका लगाइसकेको थियो । सोचेँ, दिनभर आफ्नो प्रकाशको साम्राज्य फैलाएर धरती जगमगाउने सूर्यको अहम् चुरचुर हुन्छ केही क्षणमै र दिनलाई प्राप्त हुन्छ यति लामो प्रतीक्षाको परिणति केवल अँध्यारो रात ।

## माईजोगमाईलाई हराउँदै इलाम फाइनलमा प्रवेश



इलाम(प्रस) । इलाम नगरपालिका दोस्रो माईजोगमाई गाउँपालिका अध्यक्ष कप अन्तरपालिका आमन्त्रण फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । माईजोगमाई गाउँपालिकालाई २-१ गोल अन्तरले हराउँदै इलामले अन्तिम २ मा स्थान सुरक्षित गरेको हो । फाइनल प्रवेश गरेसंगै इलामले कम्तीमा १ लाख २१ हजार १ सय ११ रुपैयाँको पुरस्कार सुरक्षित गरेको छ । इलामको जितमा प्रिन्स शेर्पा र कप्तान प्रदिप बिष्टले गोल गरे । माईजोगमाईका लवकुश राईले एक गोल फर्काए ।

खेलको २५ औ मिनेटमा प्रिन्सले इलामलाई अग्रता दिलाए । ३८ औ मिनेटमा लवकुशले खेल बराबरीमा ल्याए । ४० औ मिनेटमा कप्तान प्रदिपले हेडरमार्फत गोल गर्दै इलामलाई फाइनलमा प्रवेश गराए ।

खेलको म्यान अफ दि म्याच इलामका डिफेन्डर पुष्कर दाहाल घोषित भए । प्रतियोगिताको अन्तिम सेमिफाइनल खेलमा देउमाई नगरपालिका र सूर्योदय नगरपालिका भिड्नेछन् । देउमाईले चुलाचुली तथा सूर्योदयले फाकफोकथुम गाउँपालिका र माई नगरपालिकालाई हराएका थिए । बैशाख ३१ गते हुने फाइनल खेलको बिजेताले २ लाख ११ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगितामा इलामका १० पालिका सहभागी थिए


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** — रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** — आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** — सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** — जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** — सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** — मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** — कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** — आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** — आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** — नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** — ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** — आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ